# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
५ नं. प्रदेश, नेपाल


प.सं.:०७६/७७
च.नं.:

मितिः- २०७६/०५/३०

## संविधान दिवस भव्य रुपमा मनाउने सम्बन्धी सूचना।

सत्यवती गाउँ कार्यपालिकाको मिति २०७६/०५/२९ गते बसेको बैठकको निर्णयानुसार गठित 'संविधान दिवस मूल समारोह समिति'को आयोजनामा **संविधान दिवस- २०७६** देहाय बमोजिमका विविध कार्यक्रम गरी मनाउने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको **जानकारी एवम् सहभागिताका** लागि यो सूचना प्रकाशित गरिएको छ।

__कार्यक्रमहरु:__

१) **मिति** २०७६/०६/०२ गते विहीबार विहान ठीक ११:०० बजे सत्यवती गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, शिक्षक, विद्यार्थी, विभिन्न सङ्ग-संस्था, क्लब, समूह र स्थानीय नागरिकको सहभागितामा सत्यवती गाउँपालिकाको **वडा नं.५ को खैरेनीदेखि वडा नं.४ को नादेवा लगायतका स्थानहरुमा अमला, तेजपात लगायतका विरुवा रोप्ने।**

२) **मिति २०७६/०६/०३ गते शुक्रबार विहान १०:०० बजे:** गाउँपालिकाको सभाहल, अरुङ्गा खैरेनीमा सत्यवती गाउँपालिकाका सबै माध्यमिक विद्यालयका तर्फबाट २ जना विद्यार्थी (१ जना छात्र र १ जना छात्रा सहभागी हुने गरी **नेपालको संविधानः मौलिक** हक र नागरिक कर्तव्य विषयक वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने।

३) **मिति २०७६/०६/०३ गते शुक्रबार दिउसो १:०० बजे:** मूल समारोह समितिका पदाधिकारी, जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् शिक्षकहरु, सामाजिक सङ्ग, संस्था, क्लब, समूह, सहकारी, आदिका पदाधिकारी, नागरिक समाज, पत्रकार, उद्योगी- व्यवसायी, समाजसेवी लगायतका महानुभावहरु गाउँपालिकाको सभाहलमा उपस्थित भई नेपालको **संविधानः स्थानीय तहको अधिकार र नागरिक कर्तव्य विषयक अन्तरकृया र विचार आदान प्रदान** कार्यक्रममा सहभागी हुने।

४) **२०७६/०६/०३ गते साँझः** सबै कार्यालय र आम नागरिकले घर-घरमा दिपावली गर्ने।

२०७६/५/३०
यादव भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत


इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np